स्थानीय सरकार

सिद्धलेक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

# कृषि विकास तथा पशु सेवा शाखा

बुडचुड, धादिङ

बागमती प्रदेश

## उत्कृष्ट कृषक पुरस्कारका लागि निवेदन पेश गर्ने बारेको सूचना

सूचना प्रकाशन मिति : २०७८/०१/१९

सिद्धलेक गाउँपालिका कृषि विकास शाखाको आ.व. २०७७/०७८ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार उत्कृष्ट कृषक पुरस्कारको कार्यक्रम रहेको हुँदा उक्त कार्यक्रममा भाग लिन इच्छुक कृषकहरुले उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि - २०७७ मा उल्लेख भएका अनुसूचि - २ र ३ अनुसारको फर्मेट भरी यो सूचना प्रकाशित भएको मितिले एक्काईसौं (२१) दिन(२०७८/०२/०८) भित्र सम्वन्धित कृषि विकास तथा पशु सेवा शाखामा नियमानुसार दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी आएका निवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

विस्तृत जानकारीको लागी यस गाउँपालिकाको वेभसाईट www.siddhlekmun.gov.npवा सम्बन्धित वडा कार्यालयको सूचना पाटीमा हेर्न सकिनेछ ।थप जानकारीको लागि यस गाउँपालिकाको कृषि विकास शाखाको मोवाईल नं. ९८५११९०४१८, ९८६८८३६८८१, ९८६०५१८०८५ सम्पर्क गर्न सक्नुहुनेछ ।

पेश गर्नुपर्ने संलग्न कागजातहरु

१. नागरिकताको प्रमाण-पत्र प्रतिलिपी
२. अनुसूचि - २ को निवेदनको ढाँचामा रु. १०।- को टाँस गरी पेश गर्नुपर्ने ।
३. अनुसूचि - ३ को निवेदन फारम
४. वडा कार्यालयको सिफारिस

२०७८/१/१९

नन्द लाल ...

प्रमुख प्रशासकीय अधिकृत